१. आ.व. ०८१/०८२

मिति २०८१/१०/१०

२. **कार्यालयको नामः-** मुख्य न्यायाधिवक्ताको कार्यालय राप्ती उपत्यका (देउखुरी), नेपाल ।

३. **निकाय/कार्यालय प्रमुख**

नामः- डा.सूर्यप्रसाद पौडेल

सम्पर्क नः ९८५७०८९७३७

४. **सूचना अधिकारी**

नामः तेजप्रसाद पाण्डे

सम्पर्क नं.:-९८५७८५०४४६

उप न्यायाधिवक्ता

मुख्य न्यायाधिवक्ताको कार्यालय
लुम्बिनी प्रदेश, राप्ती उपत्यका, देउखुरी, नेपाल

## ५. संगठन संरचना

- **मुख्य न्यायाधिवक्ता**
  - → शाखा अधिकृत /ब.शा.अ. सातौ/आठौ (न्याय/स.व.)-१
  - **उपसचिव/ब.उ.स नवौ/दशौ (न्याय/स.व.)-१**
    - **कानूनी राय तथा प्रतिरक्षा शाखा**
      - शाखा अधिकृत/ब.शा.अ. सातौ/आठौ (न्याय/स.व.)-१
      - ब. प्रशासन सहायक/अधिकृत५/६ तह (प्रशासन/सा.प्र.)-१
      - कार्यालय सहयोगी, श्रेणी विहिन-१
      - करार सेवा
    - **प्रशासन शाखा**
      - शाखा अधिकृत/ब.शा.अ. सातौ/आठौ (न्याय/स.व.)-१
      - ब. प्रशासन सहायक/अधिकृत (प्रशासन/सा.प्र.)-१
      - कम्प्युटर अपरेटर/ अधिकृत (विविध)-१
      - कार्यालय सहयोगी, श्रेणी विहिन -१
      - ह.स.चा., श्रेणी विहिन-१
    - **आर्थिक प्रशासन शाखा**
      - लेखापाल/अधिकृत (लेखा) (प्रशासन/लेखा)-१

उप न्यायाधिवक्ता

मुख्य न्यायाधिवक्ताको कार्यालय
लुम्बिनी प्रदेश, राप्ती उपत्यका, देउखुरी, नेपाल

६. जनशक्तिको विवरणः-

| श्रेणी वा तह | कूल स्वीकृत दरबन्दी | हाल कार्यरत जनशक्ति | | कूल रिक्त दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|
| | | स्थायी | करार | | |
| रा.प द्धितिय (न्याय सरकारी वकील) | १ | १ | | ० | संघबाट कामकाज |
| रा.प. तृतिय (न्याय सरकारी वकील) | ३ | ३ | | ० | संघबाट कामकाज |
| ५/६ तह (प्रशासन) | २ | १ | | १ | |
| ५/६ तह (लेखा) | १ | १ | | १ | कामकाज तोकिएको |
| ५/६ तह (विविध) | १ | | १ | | |
| श्रेणी विहिन (ह.स.चा.) | १ | | १ | | |
| श्रेणी विहिन (कार्यालय सहयोगी) | २ | | २ | | |
| जम्मा | ११ | ५ | ४ | २ | |

७. वित्तीय अवस्थाको जानकारी (आ.व.२०८१/०८२):-

| चालु आ.व.को विनियोजन | | खर्च/वित्तीयप्रगति | | | | भौतिक प्रगति प्रतिशत | अपेक्षित प्रगति हासिलहुन नसक्नुको कारण |
|---|---|---|---|---|---|---|---|
| चालु रू. | पूँजीगत रू. | चालु खर्च रू. | प्रतिशत | पूँजीगत खर्च रू. | प्रतिशत | | |
| १३,३००,०००।- | ३००,०००।- | ४,६४३,२४६.४७ | ३४.९१% | ७५,२००।- | २५.०६% | ५२% | |

८. वेरुजुको अवस्थाः-

| गत विगतदेखि हाल सम्मको बेरुजु रू. | आ.व.२०८०/०८१ को बेरुजु रू. | आ.व. ०८०/८१ मा फर्छ्यौट भएकोबेरुजु रु. | बाँकी बेरुजु रू. |
|---|---|---|---|
| ० | ० | ० | ० |

९. आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनको अवस्थाः-

उप न्यायाधिवक्ता

मुख्य न्यायाधिवक्ताको कार्यालय लुम्बिनी प्रदेश, राप्ती उपत्यका, देउखुरी, नेपाल

१०. सवारी साधनः-

| सवारी साधनको संख्या | | सवारी साधनको अवस्था (चालु हालत वा मर्मत गर्नुपर्ने) |
|---|---|---|
| चारपाङ्ग्रे | दुईपाङ्ग्रे | चालु अवस्थामा |
| २ | ५ | |

११. आ.व. २०८१/०८२ को आफ्नो मन्त्रालय/निकायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको प्रगति विवरणः-

| क्र. स. | नीति तथा कार्यक्रमको बुँदा नम्बर | नीति तथा कार्यक्रमसँग सम्बन्धित क्रियाकलाप | कार्यान्वयन को अवस्था | कार्यान्वयन हुन नसक्नुको कारण | कैफियत |
|---|---|---|---|---|---|
| | | समुदायमा कानूनी शिक्षा तथा सचेतना कार्यक्रम | | | |
| | | रिट प्रतिरक्षा लिखित जवाफको स्तरियता एव कानूनी रायमा प्रभावकारिता विषयक गोष्ठी अन्तरक्रिया | | | |
| | | अन्तर प्रदेश स्तरीय अध्ययन अवलोकन तथा अनुभव आदान प्रदान कार्यक्रम | | | |
| | | पुस्तकालय स्थापना (आवश्यक पुस्तक खरिद पुस्तकालय व्यवस्थापन खर्च लगायत अन्य आवश्यक क्रियाकलाप) | | | |
| | | लुम्बिनी प्रदेशमा रहेका हिरासत तथा कारागार व्यवस्थापनको अवस्था र कैदीहरुको मानव अधिकार संरक्षणको सम्बन्धमा अनुगमन । | भएको | | |

उप न्यायाधिवक्ता

१२. वार्षिक कार्यक्रम/आयोजनाको स्थितिः-

| आयोजना/कार्यक्रमको संख्या | सम्झौता भएको संख्या | प्रकृया अघि बढेको संख्या | आयोजना कार्यान्वयन गर्न नसक्नुको कारण |
|---|---|---|---|
| | | | |
| | | | |

१३. कानुन तर्जुमाः-

| ऐन/नियमावलीको संख्या | कार्यविधि/ निर्देशिकाको संख्या | मापदण्डको संख्या | तर्जुमा प्रकृयामा रहेका कानुको संख्या र नाम |
|---|---|---|---|
| मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन २०७५ | | | मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी नियमावलीको मस्यौदा निर्माण प्रकृया शुरु गरिएको । |
| | | | |

१४. गुनासो सम्बोधनः-

| आ.व. २०८१/०८२ हालसम्मको प्राप्त गुनासोको संख्या | समाधान भएको संख्या | समाधान हुन नसकेको संख्या | समाधान हुन नक्नुको कारण |
|---|---|---|---|
| कुनै पनि गुनासो यस कार्यालयम प्राप्त नभएको । | | | |
| | | | |

१५. सूचनाको प्रवाह र सूचना प्रविधिको प्रयोगः-

| GIOMS को प्रयोग | | सूचनाको त्रैमासिक स्वतः प्रकाशन | | Website अद्यावधिक | |
|---|---|---|---|---|---|
| भएको | नभएको | भएको | नभएको | भएको | नभएको |
| | नरहेको । | भएको । | | भएको । | |

उप न्यायाधिवक्ता

१६. अनुगमन तथा मूल्याङ्कनः-

उप न्यायाधिवक्ता

| अनुगमन भएको निकाय/कार्यक्रम/आयोजनाको संख्या | अनुगमनबाट देखिएका प्रमुख समस्या र सवालहरु |
|---|---|
| यस कार्यालयबाट माननीय मुख्य न्यायाधिवक्ता ज्यूको नेतृत्वमा प्रदेश अन्तरगत रहेका जिल्लाहरुमा रहेका प्रहरी कार्यालयका हिरासतहरु र जिल्ला कारागार कार्यलयहरु र बाल सुधार गृहको ( दाङ, अर्घाखाँची, गुल्मी, पाल्पा, रुपन्देही र नवलपरासी) अनुगमन गरिएको ... | ➢ सवै जसो जिल्ला कारागारहरुमा कारागारको क्षमता भन्दा बढी कैदी तथा बन्दीहरु राखिएको ।<br>➢ सवै कारागारमा कैदीहरुको स्वास्थ्य परीक्षण एवं न्युनतम भौतिक पूर्वाधार तथा सेवा सुविधाको अभाव देखिएको ।<br>➢ कारागारहरुमा कैदीलाई अदालतमा उपस्थित गराउनको लागी गाडी अभाव रहेको ।<br>➢ रुपन्देही जिल्लामा रहेको बाल सुधार गृहमा क्षमता भन्दा बढी कानुनको विवादमा परेका बालबालिका राखिएको, कानूनको विवादमा परेका बालबालिकाहरुको शिक्षाका लागि उपयुक्त अवसर उपलब्ध हुन नसकेको पाइएको ।<br>➢ बालसुधार गृहमा न्युनतम भौतिक सुविधाको अभावले सुधारको वातावरण बन्न नसकेको ।<br>➢ कतिपय कैदीहरुलाई कारागारमा राख्दा कैदि पुर्जी विनै राखेको देखिएको हुँदा कैदी तथा थुनुवाको कैदी पुर्जी एंवम थुनुवा पुर्जी लिइ कारागारमा राख्नका लागि निर्देशन दिएको ।<br>➢ प्रहरी हिरासतमा रहेका थुनुवाहरुको लागि आवश्यक कानुनी परामर्शको लागि सहजीकरणको व्यवस्था मिलाउनु पर्ने तर्फ निर्देशन दिएको । |
| | ➢ कारागारको भौतिक पूर्वाधार, कैदी तथा बन्दीहरुको मानवोचित व्यवहार तथा मानव अधिकारको संरक्षणको लागि प्रदेश सरकारले विशेष सहयोग र पहल गर्नुपर्ने अवस्था देखिएको । |

उप न्यायाधिवक्ता

१७. असल अभ्यास र सिर्जनशील कार्यहरुः-

- मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन २०७५को कार्यान्वनको लागि नियमावली आवश्यक भएको हुँदा नियमावली निर्माणको लागि माननीय मुख्य न्यायाधिवक्ता ज्यूको संयोजकत्वमा ५ सदस्यीय मसौदा समिति गठन गरिएको ।
- प्रदेश कानुन निर्माण तथा कार्यान्वयनमा मुख्या न्यायाधिवक्ताको भूमिका विषयम अन्तरक्रिया कार्यक्रम गर्न आवश्यक देखिएको हुँदा सो सम्बन्धी प्रस्ताव तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाइएको ।
- मुख्य न्यायाधिवक्ता तथा मुख्य न्यायाधिवक्ता कार्यालायको कार्यलाई थप परिसकृत गराउनको लागि अन्तरप्रदेश समन्वय,अनुभव आदान प्रदान कार्यक्रमहरु लागएतका कार्यहरु गरिएको छ ।
- कार्यालयको आन्तरिक व्यवस्थापनका लागि माननीय मुख्य न्यायाधिवक्ताको संयोजकत्वमा कार्यालय व्यवस्थापन समिति गठन गरी कार्यान्वयन गरिएको ।
- सूचनाको हक सुनिश्चिता तथा शुसासन प्रवर्धनका लागि कार्यालयबाट सूचना अधिकारी तोकिएको एंव नागरिक वडापत्र सहजपहुँचका लागि QR code निर्माणको लागि प्रकृया अपनाइएको छ ।

१८. प्रमुख कार्य तथा उपलब्धिहरुः-

१. यस कार्यालयबाट माननीय मुख्य न्यायाधिवक्ता ज्यूको नेतृत्वमा प्रदेश अन्तरगत रहेका जिल्लाहरुमा रहेका प्रहरी कार्यालयका हिरासतहरु र जिल्ला कारागार कार्यलयहरु र बाल सुधार गृहको ( दाङ, अर्घाखाँची, गुल्मी, पाल्पा, रुपन्देही र नवलपरासी) अनुगमन गरी तहाँ रहेका समस्या समाधानका लागि तत् कार्यालयहरुलाई आवश्यक निर्देशन तथा सरोकारवाला निकायलाई ध्यानाकर्षणको कार्य गरिएको छ ।

२. प्रदेश सरकार एंवम प्रदेश सरकार मातहतका कार्यालयहरुसंग सरोकारित मुद्धाहरुको उच्च अदालत तथा सर्वोच्च अदालतमा उपस्थित भई बहस पैरवी र प्रतिरक्षा गरिएको ।

उप न्यायाधिवक्ता

१९. मुख्य मुख्य समस्या तथा चुनौतीः-

- आवश्यक मात्रामा कर्मचारीको दरबन्दी सिर्जना हुन नसकेको र दरबन्दी अनुसारका कर्मचारी समयमै पदपुर्ती हुन नसक्दा कार्यसम्पादनमा कठिनाई हुने गरेको छ ।
- कार्यालय भवन साह्रै सानो र जिर्ण अवस्थामा रहेकाले कामकारवाहीमा कठिनाई हुने गरेको ।
- मुद्दाको चाप अनुसार सरकारी वकीलको पदपुर्ती हुन नसक्दा प्रदेशका मुद्दाहरुको प्रतिरक्षामा समस्या हुने गरेको ।
- सरकारी वकिल तथा कर्मचारीको दक्षता अभिवृद्दि तथा कार्य उत्प्रेरणाका लागि पर्याप्त अवसरहरुको कमी रहेको ।
- विभिन्न निकायहरुबाट कानूनी राय माग गर्दा उक्त निकायले पुऱ्याउनु पर्ने रिट नपुर्याइ तथा निर्धारित धाँचामा नआउँने गरेका कारण कानूनी राय प्रदान गर्न असुविधा हुने गरेको ।
- लिखित जवाफ समयमै नपठाई अन्तिम समयमा पठाउने परिपाटीले यस कार्यालयबाट सुझाव दिन कठिनाई हुने गरेको, अधिकांश मुद्दा तथा रिटको लिखित जवाफमा खुलाउनु पर्ने सबै कुरा नखुलाई र आवश्यक कागजात सामेल गरेको नदेखिंदा प्रतिरक्षा गर्न असजिलो हुने गरेको ।

<u>समस्या समाधानका लागि गरिनु पर्ने उपायहरु</u>

- प्रदेश सरकार पक्ष/विपक्ष भएको मुद्धाको संख्या सर्वोच्च अदालतमा दिन प्रतिदिन बढ्दै गएको दैनिक जसो पेशी पर्दै आएको अवस्था छ । र यस कार्यालयबाट प्रत्येक पेशीका दिन प्रतिरक्षा गर्न काठमाण्डौ जान असहज हुने गरेकोले यस कार्यालयको सम्पर्क कार्यालय काठमाडौमा स्थापना गर्नु अत्यन्त आवश्यक रहेको छ ।
- उच्च अदालत रहेका क्षेत्रमा मुद्दाको चापलाई विचार गरेर तथा जिल्लामा स्थापना भएका प्रदेश सरकारका कार्यालयहरुको काम कारवाहीहरुका विरुद् द सम्बन्धित जिल्ला अदालतमा पनि रिट क्षेत्राधिकारभित्र रिट निवेदन पर्न सक्ने हुँदा प्रदेशका सबै जिल्लामा प्रदेश सरकारको तर्फबाट बहस पैरवी र प्रतिरक्षा गर्न, मुख्य न्यायाधिवक्ता कार्यालयमा

रहेको मौजुदा सरकारी वकीलको संख्या कम रहेको हुदा जनशक्ती र स्रोतको सुनिश्चिता गर्नु पर्ने आवश्यकता देखिन्छ ।

- मुद्दाको प्रतिरक्षा गर्दा अतिरिक्त समयमा समेत मुद्दाको अध्ययन गर्नुपर्ने हुँदा मुख्य न्यायाधिवक्ता,सरकारी वकिल र अन्य कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलबध गराउने गरी आवश्यक कानुनी तथा बजेटको व्यवस्था गर्नुपर्ने ।
- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ दफा ३८(२) अनुसार मुख्य न्यायाधिवक्ताबाट प्रदेश स्तरीय प्यारोल र प्रोवेशन वोर्डको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरीवेक्षण मुख्य न्यायाधिवक्ताबाट हुने हुदाँ सो सम्बन्धि कार्यविधि तत्काल निर्माण गर्नुपर्ने देखिन्छ ।

२०. **समस्या समाधानका लागि गरिएका प्रयासहरुः-**

- कार्यालयमा भएको मौजुदा जनशक्तिबाट कार्य गर्नु प्रयास गरिरहेको अवस्था छ तर समयमै कार्य सम्पन्न गर्न कठिन भएको । जनशक्ति अभावका कारण सम्बन्धित सबै अदालतमा एकै साथ मुद्धाको प्रतिरक्षा गर्न असहज भएको ।
- सर्वोच्च अदालतमा मुद्दाको प्रतिरक्षा गर्नु जाँदाको लागि माननीय मुख्य न्यायाधिवक्ताको पहलमा महान्यायाधिवक्ताको कार्यालयमा यस प्रदेशको लागि कोठा उपलब्ध गराइएको छ।
- कारागार तथा हिरासतको अनुगमनको क्रममा देखिएका समस्या समाधानको लागी सम्बन्धित निकाय एंव सरोकारवालासंगको समन्वयलाई अगाडी बढाइएको ।

२१. **अपेक्षाः-**

१.कार्यालयमा अपर्याप्त जनशक्ति व्यवस्थापन र माग बमोजिम सम्वोधन हुने गरी बजेट व्यस्था हुनुपर्ने ।

उप न्यायाधिवक्ता

# मुख्य न्यायाधिवक्ताको कार्यालय

लुम्बिनी प्रदेश राप्ती उपत्यका (देउखुरी), नेपाल

प.स. ०८१/०८२
च.नं. २१६

मितिः- २०८१/१०/१०

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपाल ।

**विषयः- मासिक प्रगति प्रतिवेदन पठाइएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा तहाँ कार्यालयको च.नं. १४६ मिति २०८१/०९/१९ को प्राप्त पत्र अनुसार मासिक प्रगति प्रतिवेदन यसै साथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

१०/१०

तेजप्रसाद पाण्डे
सहायक न्यायाधिवक्ता

सहायक न्यायाधिवक्ता

☎ ०८२-५९०४४६

Email: ca.province5@gmail.com